नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाडौको

## पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/१०/२५)

यस मन्त्रालय सम्वद्ध दुग्ध विकास संस्थानमा रिक्त हुने महाप्रबन्धक पद खुल्ला प्रतिष्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन भित्र र आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र यस मन्त्रालयको वोर्ड संस्थान डेक्स, सिंहदरवार, काठमाडौमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

| विज्ञापन नं. | सार्वजनिक निकायको नाम | पद | माग संख्या |
|---|---|---|---|
| ०१/०७८।७९ | दुग्ध विकास संस्थान | महाप्रबन्धक | १ |

१. **योग्यता तथा अनुभवः**

क) कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक नियकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका,२०७६ को दफा ३, उपदफा २ (ग) वमोजिमको शैक्षिक योग्यता हासिल गरी कुनै संस्था वा निकायमा व्यवस्थापकको हैसियतले कम्तिमा दश वर्षको कार्य अनुभव हासिल गरेको ।

ख) दरखास्त दिने अन्तिम मितिसम्म ३० वर्ष उमेर पुरा भएको र ६० वर्ष ननाघको ।

२. **नियुक्तिको लागि अयोग्य मानिने:** देहायको व्यक्ति महाप्रबन्धकको पदमा नियुक्तिका लागि अयोग्य मानिनेछः-

क) गैर नेपाली नागरिक,

ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पूरा नभएको,

घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

ङ) आफू नियुक्त हुने सार्वजनिक निकायमा हिताधिकारी वा लाभग्राही भएको,

च) तीस वर्ष पूरा नभएको र साठी वर्ष नाघेको,

छ) मानसिक सन्तुलन ठीक नभएको वा

ज) नियुक्त हुने सार्वजनिक निकायसँग कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको वा निजी स्वार्थ रहेको।

३. **दरखास्त पेश गर्ने प्रक्रियाः**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूचि-२ बमोजिमको दरखास्त/प्रतिवद्धता पत्रका साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट हासिल गरेको शैक्षिक योगयताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रहरुको प्रतिलिपि समेत)

ग) अनुभव खुल्ने कागजातको प्रतिलिपि

घ) वैयक्तिक विवरण

ङ) एक प्रति पासपोर्ट साइजको फोटो

च) दरखास्तसाथ *दुग्ध विकास संस्थानको वर्तमान समस्या, चुनौती र सुधार सहितको* सुझाव दिन ५००० शव्दमा नबढाई तयार पारिएको व्यवसायिक कार्ययोजना ३ प्रति छुट्टा छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्ने छ । कार्ययोजनाको कभरपृष्ठमा वाहेक अन्य पृष्ठमा आफ्नो नाम वा कुनै संकेत राख्न पाइने छैन । त्यस्तो राखेको पाइएमा रीतपूर्वक आवेदन नगरेको उम्मेदवार सरह

कारवाही हुनेछ । व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण समेत गर्नुपर्ने भएकोले तयार गरिएको व्यवसायिक कार्ययोजना (Soft Copy समेत) छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

छ) सरकारी निकाय वा संस्थानमा सेवारत आवेदकको हकमा दरखास्तसाथ सेवारत निकायबाट स्वीकृति प्रदान गरिएको पत्र दरखास्त सँगै संलग्न गर्नु पर्नेछ ।

४. <u>व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण</u>ः उम्मेदवारले आफुले पेश गरेको व्यवसायिक कार्ययोजना प्रस्तुतीकरण समेत गर्नुपर्नेछ ।

५. <u>दस्तुर</u>ः

दरखास्त दस्तुर वापत कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कोड नं. ३१२००३५०१, राजश्व खाता १०००१००२०००१००००, राजश्व शीर्षक १४२२४ मा जम्मा हुने गरी रा.बा. बैंक लि. सिंहदरवार शाखामा रु ३०००।०० (अक्षरेपी तीन हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

६. <u>अन्य विवरण</u>ः

क) छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी माथि उल्लिखित पदपूर्ति सम्बन्धी प्रक्रिया स्थगित वा रद्द गर्न सक्नेछ।

ख) झुठ्ठा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

ग) आवेदन फाराम र व्यवसायिक कार्ययोजनाको कभरपृष्ठ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाइट www.moald.gov.np बाट Download गर्न सकिने छ । अन्य थप जानकारीको लागि कृषितथा पशुपन्छी विकास मन्त्रालय, वोर्ड संस्थान डेक्समा सम्पर्क गर्न सकिनेछ ।

सिफारिस समिति
कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरवार

## अनुसूची-१

## व्यवसायिक कार्ययोजनाको कभरपृष्ठ

(कार्यबिधिको दफा ५ को उपदफा(४-ङ) संग सम्बन्धित)

(समितिले भर्ने)

पहिलो कोड नं.

दोश्रो कोड नं.

वि.नं.

पदः

(समितिले भर्ने)

पहिलो कोड नं.

(आवेदकले भर्नुपर्ने)

विज्ञापन नं. :

पदः

दर्ता नः

नाम थरः

स्थायी ठेगानाः

सम्पर्क नं.

विषयः

(समितिले भर्ने)

दोश्रो कोड नं.

विज्ञापन नं.

पदः